# प्रदेश राजपत्र

गण्डकी प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ०३) पोखरा, असार ०१ गते, २०७७ साल (अतिरिक्ताङ्क ०३

## भाग १

### प्रदेश सरकार

## आन्तरिक मामिला तथा कानून मन्त्रालय

नेपालको संविधान बमोजिम प्रदेश सभाले बनाएको देहाय बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

संवत् २०७७ सालको ऐन नं. १

# गण्डकी प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम प्रतिष्ठानको स्थापना र सञ्चालन गर्न बनेको ऐन

**प्रस्तावना** : गण्डकी प्रदेशमा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको स्तर निर्धारण र प्रमाणीकरण गर्ने तथा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको व्यवस्था गरी बजार माग अनुरुपको मानव संशाधन विकास गर्न गण्डकी प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम प्रतिष्ठानको स्थापना तथा सञ्चालन गर्न वाञ्छनीय भएकोले,

गण्डकी प्रदेश सभाले यो ऐन बनाएको छ।

## परिच्छेद-१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यो ऐनको नाम "गण्डकी प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम प्रतिष्ठान ऐन, २०७६" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "अध्यक्ष" भन्नाले सभाको अध्यक्ष सम्झनु पर्छ।

(ख) "कर्मचारी" भन्नाले प्रतिष्ठानका कर्मचारी सम्झनु पर्छ।

(ग) "कार्यकारी निर्देशक" भन्नाले प्रतिष्ठानको कार्यकारी निर्देशक सम्झनु पर्छ।

(घ) "तोकिएको वा तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।

(ङ) "प्रतिष्ठान" भन्नाले दफा ३ बमोजिम स्थापना भएको गण्डकी प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम प्रतिष्ठान सम्झनु पर्छ।

(च) "प्रशिक्षक" भन्नाले प्रतिष्ठानका प्रशिक्षक वा स्रोत व्यक्ति सम्झनु पर्छ।

(छ) "मन्त्रालय" भन्नाले गण्डकी प्रदेश सरकारको शिक्षा क्षेत्र हेर्ने मन्त्रालय सम्झनु पर्छ।

(ज) "सचिव" भन्नाले मन्त्रालयको प्रदेश सचिव सम्झनु पर्छ।

(झ) "सभा" भन्नाले दफा ५ बमोजिमको प्रतिष्ठानको प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम सभा सम्झनु पर्छ।

## परिच्छेद-२

## प्रतिष्ठानको स्थापना तथा काम, कर्तव्य र अधिकार

३. **प्रतिष्ठानको स्थापनाः** (१) गण्डकी प्रदेशमा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको स्तर निर्धारण र प्रमाणीकरण गर्ने तथा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको व्यवस्था गरी बजार माग अनुरुपको मानव संशाधन विकास गर्ने उद्देश्यले गण्डकी प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम प्रतिष्ठानको स्थापना गरिएको छ।

(२) प्रतिष्ठान एक अविछिन्न उत्तराधिकारवाला स्वशासित र संगठित संस्था हुनेछ।

(३) प्रतिष्ठानको आफ्नो छुट्टै छाप हुनेछ।

(४) प्रतिष्ठानले व्यक्ति सरह चल अचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न, बेचबिखन गर्न वा अन्य किसिमले बन्दोवस्त गर्न सक्नेछ।

(५) प्रतिष्ठानले व्यक्ति सरह नालिस उजूर गर्न र प्रतिष्ठान उपर पनि सोही नामबाट नालिस उजूर लाग्न सक्नेछ।

(६) प्रतिष्ठानले व्यक्ति सरह करार गर्न, करार बमोजिमको अधिकार प्रयोग गर्न तथा दायित्व निर्वाह गर्न सक्नेछ।

४. **प्रतिष्ठानको संरक्षकः** (१) गण्डकी प्रदेशको मुख्यमन्त्री प्रतिष्ठानको संरक्षक हुनेछ।

(२) संरक्षकले प्रतिष्ठानलाई आवश्यक निर्देशन दिन सक्नेछ।

५. **प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम सभाको गठनः** (१) प्रतिष्ठानको सर्वोच्च निकायको रुपमा एक प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम सभा रहनेछ ।

(२) सभाको गठन देहाय बमोजिम हुनेछ :-

(क) गण्डकी प्रदेश सरकारको शिक्षा क्षेत्र हेर्ने मन्त्री -अध्यक्ष

(ख) प्रदेश नीति तथा योजना आयोगको शिक्षा क्षेत्र हेर्ने सदस्य - सदस्य

(ग) गण्डकी प्रदेश सरकारका प्रमुख सचिव - सदस्य

(घ) प्रदेश सरकारको शिक्षा, आर्थिक मामिला, स्वास्थ्य, भौतिक पूर्वा

-धार, कृषि, वन, पर्यटन क्षेत्र हेर्ने मन्त्रालयका प्रदेश सचिवहरु - सदस्य

(ङ) इन्जिनियरिङ, स्वास्थ्य, कृषि, वन, पर्यटनसँग सम्बन्धित विषयमा कम्तीमा स्नातक उपाधि प्राप्त गरेका र सम्बन्धित सात वर्ष अनुभव हासिल गरेका व्यक्तिहरु मध्येबाट संरक्षकले मनोनित गरेका कम्तीमा दुई जना महिला सहित पाँच जना -सदस्य

(च) प्रतिष्ठानको मुख्य कार्यालय रहेको स्थानीय तहको प्रमुख वा अध्यक्ष -सदस्य

(छ) प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको क्षेत्रमा महत्वपूर्ण योगदान पुऱ्याएका व्यक्तिहरु मध्येबाट मन्त्रालयले मनोनित गरेका कम्तीमा एक जना महिला सहित तीन जना —सदस्य

(ज) प्रादेशिक उद्योग वाणिज्य महासंघको अध्यक्ष वा निजले तोकेको प्रतिनिधि -सदस्य

(झ) उद्योग, निर्माण, पर्यटन लगायतका सेवासँग सम्बन्धित व्यक्तिहरुमध्येबाट मन्त्रालयले मनोनित गरेका कम्तीमा एक जना महिलासहित तीन जना -सदस्य

(ञ) प्रतिष्ठानलाई राष्ट्रिय तथा अन्तराष्ट्रियस्तरबाट प्राविधिक, भौतिक, आर्थिक लगायतका सहयोग उपलब्ध गराई प्रतिष्ठानको स्थापना, सञ्चालन र विकासमा महत्वपूर्ण योगदान पुऱ्याउने नेपाली नागरिक वा गैरआवासीय नागरिक मध्येबाट संरक्षकले मनोनित गरेका दुई जना —सदस्य

(ट) कार्यकारी निर्देशक -सदस्य-सचिव

(३) मनोनित सदस्यको कार्यकाल चार वर्षको हुनेछ र निज अर्को एक कार्यकालको लागि पुन: मनोनित हुन सक्नेछ।

(४) उपदफा (२) को खण्ड (ङ) देखि (झ) सम्मका सदस्यहरुले प्रदेश सरकारले तोके बमोजिमको बैठक भत्ता तथा अन्य सुविधा पाउनेछन् ।

(५) अध्यक्षसहित बहुमत सदस्य उपस्थित भएमा सभाको बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ।

तर, पहिलो पटकको बैठकमा गणपुरक संख्या नपुगी बैठक स्थगित भएमा त्यसपछि बस्ने बैठकको लागि अध्यक्षसहित एक तिहाई सदस्य उपस्थित भएमा सभाको बैठकको गणपूरक संख्या पुगेको मानिनेछ।

(६) सभाको बैठक सामान्यतया वर्षको एक पटक बस्नेछ।

(७) बैठक सम्बन्धी अन्य कार्यविधि सभा आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

६. **सभाको काम, कर्तव्य र अधिकारः** सभाको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) प्रतिष्ठानको अल्पकालीन र दीर्घकालीन योजना स्वीकृत गर्ने ।

(ख) प्रतिष्ठानको वार्षिक बजेट तथा कार्यक्रम स्वीकृत गर्ने।

(ग) प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम सम्बन्धी नीति तथा रणनीति स्वीकृत गर्ने।

(घ) प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम कार्यक्रमको मूल्याङ्कन गरी आवश्यक परिमार्जनका लागि कार्यकारी समितिलाई निर्देशन दिने ।

(ङ) प्रतिष्ठानको लेखा परीक्षण प्रतिवेदन र वार्षिक प्रगति प्रतिवेदन उपर छलफल गरी कार्यकारी समितिलाई आवश्यक निर्देशन दिने ।

(च) सीपको वर्गीकरण, परीक्षण, प्रमाणीकरण तथा स्तर निर्धारण गर्ने र सीप प्रमाणीका (इन्भेन्ट्री) स्वीकृत गर्ने,

(छ) प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको पाठ्यक्रम स्वीकृत गर्ने,

(ज) प्रतिष्ठानको आचारसंहिता निर्माण गरी परिपालना गर्ने गराउने ।

(झ) प्रतिष्ठानको उद्देश्य प्राप्तिका लागि कार्यकारी समितिलाई आवश्यक मार्गदर्शन गर्ने।

७. **कार्यकारी समितिः** (१) प्रतिष्ठानमा एक कार्यकारी समिति रहनेछ ।

(२) कार्यकारी समितिको गठन देहाय बमोजिम हुनेछ :-

(क) प्रदेश सरकारको शिक्षा क्षेत्र हेर्ने मन्त्री -अध्यक्ष

(ख) प्रदेश नीति तथा योजना आयोगको शिक्षा क्षेत्र हेर्ने सदस्य -सदस्य

(ग) मन्त्रालयको प्रदेश सचिव -सदस्य

(घ) सभाका सदस्यहरुमध्येबाट संरक्षकले तोकेको एक जना -सदस्य

(ङ) कार्यकारी निर्देशक -सदस्य-सचिव

(३) उपदफा (२) को खण्ड (घ) बमोजिमको सदस्यले प्रदेश सरकारले तोके बमोजिमको बैठक भत्ता तथा अन्य सुविधा पाउनेछ ।

८. **कार्यकारी समितिको बैठकः** (१) कार्यकारी समितिको बैठक अध्यक्षले तोकेको मिति, स्थान र समयमा बस्नेछ।

(२) कार्यकारी समितिको बैठक आवश्यकता अनुसार बस्नेछ।

(३) कार्यकारी समितिको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ।

(४) कार्यकारी समितिको बैठकमा आवश्यकता अनुसार अधिकृत कर्मचारी वा विषय विज्ञलाई आमन्त्रण गर्न सकिनेछ।

(५) अध्यक्ष सहित बहुमत सदस्य उपस्थित भएमा कार्यकारी समितिको बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ।

(६) बैठकमा सर्वसम्मतिबाट निर्णय गरिनेछ र सर्वसम्मति हुन नसकेमा बहुमतको निर्णय मान्य हुनेछ ।

(७) कार्यकारी समितिको बैठक सम्बन्धी अन्य कार्यविधि तोकिए बमोजिम हुनेछ ।

९. **कार्यकारी समितिको काम, कर्तव्य र अधिकारः** (१) कार्यकारी समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) प्रतिष्ठानको अल्पकालीन र दीर्घकालीन योजना तर्जुमा गरी स्वीकृतिका लागि सभा समक्ष पेश गर्ने ।

(ख) प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम सम्बन्धी नीति, रणनीति तथा योजना तर्जुमा गरी सभा समक्ष पेश गर्ने,

(ग) वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गरी सभा समक्ष पेश गर्ने,

(घ) सीपको वर्गीकरण, परीक्षण, प्रमाणीकरण तथा स्तर निर्धारण गर्ने र सीप प्रमाणीका (इन्भेन्ट्री) तयार गरी स्वीकृतिका लागि सभा समक्ष पेश गर्ने,

(ङ) प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम सम्बन्धी व्यावसायिक कार्ययोजना स्वीकृत गर्ने,

(च) प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको क्षेत्र र स्तर निर्धारण तथा प्रमाणीकरण गर्ने,

(छ) प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम सञ्चालन गर्ने संस्था तथा निकायको लागि मापदण्ड तोक्ने,

(ज) स्वदेशी वा विदेशी, सरकारी वा गैरसरकारी संस्था वा व्यक्तिसँग समझदारी गरी आर्थिक, भौतिक तथा प्राविधिक सहयोग प्राप्त गर्ने र शैक्षिक कार्यक्रमको आदान प्रदान गर्ने,

(झ) आङ्गिक, सामुदायिक, निजी र गैरसरकारी क्षेत्रमा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम प्रदायक संस्थाको लागि आवश्यक मापदण्ड तयार गर्ने, प्रदेशको आवश्यकता बमोजिम आशयपत्रको आव्हान, मूल्याङकन तथा स्वीकृत गर्ने,

(ञ) मापदण्ड पूरा गरेका संस्थालाई तोकिए बमोजिम सम्बन्धन प्रदान गर्ने,

(ट) प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको परीक्षा सञ्चालन र नतिजा प्रकाशन सम्बन्धी कार्यविधि स्वीकृत गर्ने,

(ठ) बहु-प्राविधिक (पोलिटेक्निक) आङ्गिक शैक्षिक संस्था स्थापना एवम् सञ्चालन गर्ने, गराउने,

(ड) प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको पाठ्यक्रम तयार गरी सभामा स्वीकृतिका लागि पेश गर्ने,

(ढ) एप्रेन्टिससिप तालिम सम्बन्धी आवश्यक व्यवस्था गर्ने,

(ण) आधुनिक शिक्षण प्रणाली र प्रयोगात्मक अभ्यास मार्फत समय सापेक्ष र बजार माग अनुरुप सीपयुक्त जनशक्ति तयार गर्ने,

(त) प्रतिष्ठानले सञ्चालन गरेका र सम्बन्धन प्रदान गरेका शैक्षिक संस्थाबाट तोकिएको शिक्षा हासिल गर्ने विद्यार्थी, प्रशिक्षार्थी वा अनुसन्धानकर्तालाई तोकिए बमोजिमको लब्धाङ्क तथा प्रमाणपत्र दिने र विशिष्ट व्यक्तिलाई मानार्थ उपाधि प्रदान गर्ने,

(थ) प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्का प्रदेशभित्रका कार्यालय, शैक्षिक संस्था नेपाल सरकार वा अन्य निकायबाट हस्तान्तरण भई आएमा प्रतिष्ठानले सञ्चालन गर्ने,

(द) छात्रवृत्ति, पदक र पुरस्कारको व्यवस्था गर्ने,

(ध) सभाका निर्णय तथा निर्देशन कार्यान्वयन गर्ने, गराउने,

(न) प्रतिष्ठानको वार्षिक कार्यक्रम तथा बजेट, प्रगति प्रतिवेदन, लेखा परीक्षण प्रतिवेदन र अन्य प्रतिवेदन स्वीकृति वा अनुमोदन वा जानकारीका लागि सभा समक्ष पेश गर्ने,

(प) ऐनको उद्देश्य कार्यान्वयन गर्न तोकिए बमोजिमको अन्य काम गर्ने ।

(२) उपदफा (१) को खण्ड (ज) बमोजिम वैदेशिक सहायता प्राप्त गर्दा वा समझदारी गर्दा प्रदेश सरकार मार्फत नेपाल सरकारको पूर्व स्वीकृति लिनु पर्नेछ ।

**१०. <u>पाठ्यक्रम र पाठ्यपुस्तक सम्बन्धी व्यवस्थाः</u>** (१) कार्यकारी समितिले पाठ्यक्रम र पाठ्यपुस्तक तयार गर्न कार्यकारी निर्देशकको संयोजकत्वमा तोकिए बमोजिम विज्ञ सम्मिलित एक उपसमिति गठन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको उपसमितिले प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको क्षेत्रमा सञ्चालित शैक्षिक संस्था तथा निकायसँग समेत परामर्श गरी पाठ्यक्रम र पाठ्यपुस्तक तर्जुमा गरी कार्यकारी समिति समक्ष पेश गर्नुपर्नेछ ।

(३) उपदफा (१) बमोजिमको उपसमितिले पाठ्यक्रम र पाठ्यपुस्तक तयार गर्दा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको राष्ट्रिय प्रारुप समेतलाई आधार लिनु पर्नेछ ।

(४) प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको पाठ्यक्रम प्रारुप प्रदेश सरकारबाट स्वीकृत गराउनु पर्नेछ ।

## परिच्छेद-३

## <u>कार्यकारी निर्देशकको नियुक्ति, काम, कर्तव्य र अधिकार</u>

**११. <u>कार्यकारी निर्देशकः</u>** (१) प्रतिष्ठानमा एक कार्यकारी निर्देशक रहनेछ ।

(२) कार्यकारी निर्देशक प्रतिष्ठानमा पूरा समय काम गर्ने प्रमुख प्रशासकीय पदाधिकारी हुनेछ र निजको पारिश्रमिक र अन्य सुविधा प्रदेश सरकारले तोके बमोजिम हुनेछ।

(३) कार्यकारी निर्देशकको पदावधि चार वर्षको हुनेछ र निजको कार्य सम्पादन सन्तोषजनक भएमा प्रदेश सरकारले निजलाई अर्को एक कार्यकालका लागि पुनः नियुक्त गर्न सक्नेछ ।

(४) मान्यता प्राप्त शैक्षिक संस्थाबाट विज्ञान, व्यवस्थापन, इन्जिनियरिङ, स्वास्थ्य, कृषि, पर्यटनसँग सम्बन्धित विषयमा कम्तीमा स्नातकोत्तर उपाधि प्राप्त गरेको र सम्बन्धित क्षेत्रको व्यवस्थापकीय तहमा कम्तीमा सात वर्षको अनुभव हासिल गरेको व्यक्ति कार्यकारी निर्देशकमा नियुक्त हुन योग्य हुनेछ ।

(५) कार्यकारी निर्देशकको नियुक्तिको लागि मन्त्रालयले प्रदेश नीति तथा योजना आयोगको उपाध्यक्षको अध्यक्षतामा प्रदेश लोक सेवा आयोगको सदस्य र मन्त्रालयको प्रदेश सचिव सम्मिलित एक सिफारिस समिति गठन गर्नेछ ।

(६) उपदफा (५) बमोजिमको समितिले आफ्नो कार्यविधि आफैं निर्धारण गरी प्रतिस्पर्धाको आधारमा सम्भव भएसम्म तीन जना व्यक्तिहरुको नाम वर्णानुक्रम अनुसार कार्यकारी निर्देशक नियुक्तिका लागि प्रदेश सरकार समक्ष सिफारिस गर्नेछ ।

(७) उपदफा (६) बमोजिम सिफारिस भएका व्यक्तिहरु मध्येबाट प्रदेश सरकारले कार्यकारी निर्देशक नियुक्त गर्नेछ ।

(८) यस दफा बमोजिम कार्यकारी निर्देशक नियुक्त नभएसम्मका लागि प्रदेश सरकारले तोकेको कम्तीमा अधिकृतस्तर नवौं तहको कर्मचारीले कार्यकारी निर्देशकको रुपमा काम गर्नेछ ।

**१२. <u>कार्य सम्पादन सम्झौता</u>:** (१) कार्यकारी निर्देशकले छनौट गर्दाको बखत पेश गरेको सूचक सहितको व्यावसायिक कार्य योजना बमोजिमको वार्षिक कार्य सम्पादन सम्झौता मन्त्रालयको प्रदेश सचिवसँग गर्नु पर्नेछ।

(२) मन्त्रालयले उपदफा (१) मा उल्लिखित सम्झौता अन्तर्गत कार्यकारी निर्देशकको कार्य सम्पादनको अर्धवार्षिक / वार्षिक मूल्याङ्कन गर्नु पर्नेछ ।

(३) उपदफा (१) मा उल्लिखित कार्य सम्पादन सम्झौता बमोजिम विशेष परिस्थितिमा बाहेक कार्यकारी निर्देशकको कार्य प्रगति ७० प्रतिशत भन्दा कम भएमा निजको कार्य सम्पादनस्तर सन्तोषजनक नभएको मानिनेछ।

**१३. <u>कार्यकारी निर्देशकको पद रिक्त हुने अवस्था</u>:** (१) देहायको अवस्थामा कार्यकारी निर्देशकको पद रिक्त हुनेछः-

(क) निजले आफ्नो पदबाट अध्यक्ष समक्ष राजिनामा दिएमा,

(ख) निजको मृत्यु भएमा,

(ग) निजको पदावधि पूरा भएमा,

(घ) निज शारीरिक वा मानसिक रुपमा अशक्त भई कार्यसम्पादन गर्न असमर्थ रहेको भनी विज्ञ सम्मिलित तोकिए बमोजिमको समितिको सिफारिसमा प्रदेश सरकारले पदमुक्त गरेमा,

(ङ) निजको कार्यसम्पादन स्तर सन्तोषजनक नभई प्रदेश सरकारले हटाएमा,

(च) निजले विदेशी राष्ट्रको स्थायी आवासीय अनुमतिपत्र लिन निवेदन दिएमा,

(छ) निजले भ्रष्टाचार, जबरजस्ती करणी, मानव बेचबिखन तथा ओसारपसार, लागू औषध बिक्रि वितरण वा ओसारपसार, सम्पत्ति शुद्धिकरण, राहदानी दुरुपयोग, अपहरण वा नैतिक पतन देखिने अन्य फौजदारी कसूरमा अदालतबाट सजाय पाएमा

(ज) निजको उमेर ६५ वर्ष पुरा भएमा

(२) उपदफा (१) को खण्ड (ङ) बमोजिम प्रदेश सरकारले कार्यकारी निर्देशकलाई पदबाट हटाउनु अघि तोकिए बमोजिम सफाईको मनासिव मौका दिनुपर्नेछ ।

१४. **कार्यकारी निर्देशकको काम, कर्तव्य, अधिकार, उत्तरदायित्व र जवाफदेहिताः** (१) कार्यकारी निर्देशकको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) प्रतिष्ठानको दैनिक प्रशासन सञ्चालन गर्ने,

(ख) प्रतिष्ठानको कोष तथा चल अचल सम्पत्तिको सञ्चालन, संरक्षण र रेखदेख गर्ने,

(ग) प्रतिष्ठानको वार्षिक कार्यक्रम, बजेट, नीति, रणनीति र योजना तर्जुमा गरी कार्यकारी समिति समक्ष पेश गर्ने,

(घ) सभा र कार्यकारी समितिको निर्णय र निर्देशन कार्यान्वयन गर्ने,

(ङ) आधारभूत तथा मध्यम स्तरीय प्राविधिक जनशक्ति उत्पादन गर्न प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम कार्यक्रम सञ्चालन गर्ने,

(च) प्रदेशस्तरको प्राविधिक तथा व्यावसायिक जनशक्तिको माग र आपूर्तिको विश्लेषण गरी पहिचान गर्ने,

(छ) प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको क्षेत्रमा शिक्षण, प्रशिक्षण तथा अनुसन्धान गर्ने गराउने,

(ज) तोकिएको मापदण्ड बमोजिम प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम सञ्चालन गर्ने संस्था तथा निकायको नियमन गर्ने,

(झ) विभिन्न तालिम सम्बन्धी कार्यक्रमहरु वीच समन्वय कायम गर्ने गराउने,

(ञ) प्राविधिक प्रशिक्षक सम्बन्धी तालिम सञ्चालन गर्ने गराउने,

(ट) प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको परीक्षा सञ्चालन र नतिजा प्रकाशन सम्बन्धी वार्षिक कार्यतालिका सहितको कार्यविधि तयार गरी कार्यकारी समिति समक्ष पेश गर्ने,

(ठ) प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको परीक्षा नियन्त्रकको कार्य गर्ने,

(ड) सभा र कार्यकारी समितिको सदस्य सचिव भई काम गर्ने।

(२) कार्यकारी निर्देशकको अन्य काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ।

(३) कार्यकारी निर्देशक सभा र कार्यकारी समितिप्रति उत्तरदायी हुनेछ ।

(४) कार्यकारी निर्देशक संस्थागत मूल्य, मान्यता र सिद्धान्तको परिपालना र नतिजाप्रति प्रत्यक्ष जवाफदेही हुनु पर्नेछ ।

## परिच्छेद-४

## कर्मचारी सम्बन्धी व्यवस्था

**१५. कर्मचारी सम्बन्धी व्यवस्थाः** (१) प्रतिष्ठानको संगठन संरचना र दरबन्दी प्रदेश सरकारले स्वीकृत गर्नेछ।

(२) उपदफा (१) बमोजिम स्वीकृत स्थायी दरबन्दी प्रदेश लोक सेवा आयोगको सिफारिसमा पूर्ति गरिनेछ।

(३) उपदफा (१) र (२) बमोजिम पदपूर्ति नभएसम्म प्रदेश सरकारले कर्मचारी काजमा खटाउन सक्नेछ।

(४) कर्मचारीको पारिश्रमिक, सुविधा र सेवाका अन्य शर्तहरु तोकिए बमोजिम हुनेछ।

(५) प्रतिष्ठानले उपदफा (१) बमोजिमको संगठन संरचना र दरबन्दी बमोजिमका प्रशिक्षक, दक्ष विज्ञ र अनुसन्धानकर्ता जस्ता आवश्यक पदमा सेवा करार/परामर्श सेवाको माध्यमबाट लिन सकिनेछ।

१६. **<u>अधिकार प्रत्यायोजन सम्बन्धी व्यवस्था</u>**: प्रतिष्ठानको कार्यकारी निर्देशकले आफूलाई प्राप्त अधिकारहरु मध्ये आवश्यकता अनुसार केही अधिकार मातहतका कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ।

## परिच्छेद-५

## प्रतिष्ठानको कोष, लेखा तथा लेखापरीक्षण

१७. **प्रतिष्ठानको कोष** : (१) प्रतिष्ठानको एउटा छुट्टै कोष रहनेछ ।

(२) प्रतिष्ठानको कोषमा देहायका रकमहरु रहनेछन्:-

(क) संघ, प्रदेश र स्थानीय तहबाट प्राप्त रकम,

(ख) प्रतिष्ठानले ऋण तथा सापटी लिएको रकम,

(ग) स्वदेश तथा विदेशबाट प्राप्त अनुदान तथा आर्थिक सहायता स्वरुप प्राप्त भएको भौतिक सामाग्री वा नगद,

(घ) तालिम तथा अन्य परामर्श सेवाबाट आर्जित रकम ।

(ङ) विद्यार्थी/प्रशिक्षार्थीबाट लिईने शुल्क तथा अन्य कुनै श्रोतबाट प्राप्त रकम।

(३) प्रतिष्ठानले ऋण तथा सापटी लिँदा प्रदेश सरकारको स्वीकृति लिनुपर्नेछ।

(४) प्रतिष्ठानको कोषको रकम तोकिएको बैंकमा खाता खोली जम्मा गरिनेछ।

(५) प्रतिष्ठानको कोष र खाताको सञ्चालन तोकिए बमोजिम हुनेछ।

(६) प्रतिष्ठानको सबै खर्चहरु उपदफा (१) बमोजिमको कोषबाट व्यहोरिनेछ।

१८. **प्रतिष्ठानको लेखा र लेखापरीक्षण**: (१) प्रतिष्ठानले आय-व्ययको लेखा प्रचलित कानून बमोजिम राख्नेछ।

(२) प्रतिष्ठानको अन्तिम लेखापरीक्षण महालेखा परीक्षकबाट हुनेछ ।

## परिच्छेद-६

## विविध

१९. **सहकार्य र समन्वयः** (१) कार्यकारी समितिले प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको क्षेत्रमा स्वदेशी तथा विदेशी विश्वविद्यालय, अनुसन्धान केन्द्र तथा संघसंस्थासँग सम्पर्क विस्तार गरी समन्वय र सहकार्य गर्न सक्नेछ।

(२) कार्यकारी समितिले गण्डकी विश्वविद्यालय लगायतका अन्य विश्वविद्यालय वा शैक्षिक संस्थासँग तोकिए बमोजिम विद्यार्थी आदान प्रदान गर्न तथा समकक्षता निर्धारण गर्न आवश्यक व्यवस्था गर्न सक्नेछ ।

२०. **प्रमाणपत्रको मान्यताः** (१) प्रतिष्ठानबाट सञ्चालित र स्वीकृत वा सम्बन्धन प्राप्त संस्थाबाट तोकिएको पाठ्यक्रममा आधारित भई सञ्चालन गरिएको तालिमका कुनै शैक्षिक उपाधिको प्रमाणपत्रलाई प्रतिष्ठानले मान्यता दिनेछ ।

(२) प्रमाणपत्रको मान्यता सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

२१. **सम्बन्धन सम्बन्धी व्यवस्थाः** सम्बन्धन सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

२२. **सीप प्रमाणीकरण सम्बन्धी व्यवस्थाः** सीप प्रमाणीकरण सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

२३. **उपसमिति गठन गर्न सक्नेः** सभा र कार्यकारी समितिले प्रतिष्ठानको कार्य सञ्चालनको लागि आवश्यकता अनुसार उपसमिति गठन गर्न सक्नेछन् ।

२४. **असल नियतले काम गरेकोमा बचाउः** प्रतिष्ठानको पदाधिकारी तथा कर्मचारीले असल नियतले प्रतिष्ठानको हितको लागि गरेको कुनै कामको सम्बन्धमा त्यस्तो पदाधिकारी वा कर्मचारीको विरुद्ध मुद्दा चलाउने वा अन्य कुनै कानूनी कारवाही गरिने छैन।

२५. **प्रदेश सरकारसँग सम्पर्कः** प्रतिष्ठानले प्रदेश सरकारसँग सम्पर्क राख्दा मन्त्रालय मार्फत राख्नेछ।

२६. **वार्षिक प्रगति प्रतिवेदनः** (१) कार्यकारी निर्देशकले आर्थिक वर्ष समाप्त भएको मितिले दुई महिनाभित्र प्रतिष्ठानको वार्षिक प्रगति प्रतिवेदन कार्यकारी समिति समक्ष पेश गर्नु पर्नेछ ।

(२) कार्यकारी समितिले उपदफा (१) बमोजिम प्राप्त प्रतिवेदन उपर आवश्यक छलफल गरी सभामा पेश गर्नेछ।

(३) उपदफा (२) बमोजिम प्राप्त प्रतिवेदन सभाले आवश्यक छलफल गरी सार्वजनिक गर्नेछ।

**२७.** **स्वीकृति लिनुपर्नेः** प्रतिष्ठानले कुनै कार्य गर्दा प्रदेश सरकारलाई दीर्घकालीन थप आर्थिक व्ययभार पर्ने भएमा प्रदेश सरकारको स्वीकृति लिनु पर्नेछ।

**२८.** **नियम, कार्यविधि तथा मापदण्ड बनाउने अधिकारः** (१) यो ऐनको उद्देश्य कार्यान्वयन गर्न प्रदेश सरकारले आवश्यक नियम बनाउन सक्नेछ।

प्रमाणीकरण मितिः २०७७/०३/०१

**आज्ञाले,**
**किरणराज शर्मा**
**प्रदेश सरकारको सचिव**

## प्रदेश सरकार

# आन्तरिक मामिला तथा कानून मन्त्रालय

नेपालको संविधान बमोजिम प्रदेश सभाले बनाएको देहाय बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

संवत् २०७७ सालको ऐन नं. २

## वातावरण संरक्षण गर्न बनेको ऐन

**प्रस्तावनाः** स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने प्रत्येक नागरिकको मौलिक अधिकारको संरक्षण गर्न, वातावरणीय प्रदूषण वा ह्रासबाट हुने क्षतिबापत पीडितलाई प्रदूषकबाट क्षतिपूर्ति उपलब्ध गराउन, वातावरण र विकासबीच समुचित सन्तुलन कायम गर्न, प्रकृति, वातावरण र जैविक विविधतामा पर्ने प्रतिकूल वातावरणीय प्रभाव न्यूनीकरण गर्न तथा जलवायु परिवर्तनको चुनौतीलाई सामना गर्नको लागि वातावरण संरक्षण सम्बन्धमा कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

गण्डकी प्रदेश सभाले यो ऐन बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "प्रदेश वातावरण संरक्षण ऐन, २०७६" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "कोष" भन्नाले दफा ४ बमोजिमको वातावरण संरक्षण कोष सम्झनु पर्छ।

(ख) "प्रस्ताव" भन्नाले विद्यमान वातावरणीय अवस्थामा परिवर्तन ल्याउन सक्ने किसिमको विकास कार्य, भौतिक क्रियाकलाप वा भू-उपयोगको परिवर्तन गर्ने कुनै योजना, आयोजना वा कार्यक्रम सञ्चालन गर्ने सम्बन्धमा तयार गरिएको प्रस्ताव सम्झनु पर्छ।

(ग) "प्रस्तावक" भन्नाले प्रस्ताव स्वीकृतिको लागि निवेदन दिने वा प्रस्ताव कार्यान्वयन गर्न स्वीकृति प्राप्त व्यक्ति वा सरकारी, अर्धसरकारी वा गैरसरकारी निकाय वा संस्था सम्झनु पर्छ।

(घ) "प्रारम्भिक वातावरणीय परीक्षण" भन्नाले कुनै प्रस्तावको कार्यान्वयन गर्दा सो प्रस्तावले वातावरणमा उल्लेखनीय प्रतिकूल प्रभाव पार्ने वा नपार्ने सम्बन्धमा यकिन गर्नुको साथै त्यस्तो प्रभावलाई कुनै उपायद्धारा निराकरण वा न्यूनीकरण गर्नका लागि अवलम्बन गरिने उपायको सम्बन्धमा विश्लेषणात्मक रुपमा गरिने अध्ययन तथा मूल्याङ्कन सम्झनु पर्छ।

(ङ) "परिषद्" भन्नाले दफा ५ बमोजिमको प्रदेश वातावरण संरक्षण तथा जलवायु परिवर्तन व्यवस्थापन परिषद् सम्झनु पर्छ ।

(च) "मन्त्रालय" भन्नाले वातावरण सम्बन्धी विषय हेर्ने गण्डकी प्रदेश सरकारको मन्त्रालय सम्झनु पर्छ।

(छ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।

(ज) "राष्ट्रिय सम्पदा" भन्नाले नेपालभित्रका प्राकृतिक, सांस्कृतिक, ऐतिहासिक, पुरातात्विक, वैज्ञानिक, आध्यात्मिक, सौन्दर्यपरक वा सामाजिक दृष्टिबाट मानव जातिका लागि महत्वपूर्ण मानिने वातावरणसँग सम्बन्धित कुनै पनि वस्तु, भौतिक संरचना, स्थान, वनस्पति वा जीवजन्तु सम्झनु पर्छ।

(झ) "वातावरण" भन्नाले प्राकृतिक, सांस्कृतिक र सामाजिक प्रणाली, आर्थिक तथा मानवीय क्रियाकलाप, यिनका अवयवहरु तथा ती अवयवहरुको बीचको अन्तरक्रिया तथा अन्तरसम्बन्ध सम्झनु पर्छ।

(ञ) "प्रदूषण "भन्नाले फोहरमैला, रसायन, ताप, ध्वनि, विद्युतीय, विद्युत - चुम्बकीय तरङ्ग वा रेडियोधर्मी विकिरणका कारण वातावरणमा प्रत्यक्ष वा अप्रत्यक्ष रुपले परिवर्तन गरी वातावरणमा उल्लेखनीय ह्रास ल्याउने, क्षति पुऱ्याउने वा वातावरणको लाभदायी वा उपयोगी प्रयोजनमा हानि पुऱ्याउने कार्य सम्झनु पर्छ।"

(ट) "वातावरणीय अध्ययन प्रतिवेदन" भन्नाले संक्षिप्त वातावरणीय अध्ययन, प्रारम्भिक वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मूल्याङ्कन सम्बन्धमा तयार गरिएको प्रतिवेदन सम्झनु पर्छ।

(ठ) “वातावरणीय प्रभाव मूल्याङ्कन” भन्नाले कुनै प्रस्तावको कार्यान्वयन गर्दा सो प्रस्तावले वातावरणमा उल्लेखनीय प्रतिकूल प्रभाव पार्ने वा नपार्ने सम्बन्धमा यकिन गर्नुको साथै त्यस्तो प्रभावलाई कुनै उपायद्वारा निराकरण वा न्यूनीकरण गर्नका लागि अवलम्बन गरिने उपायको सम्बन्धमा विस्तृत रुपमा गरिने अध्ययन तथा मूल्याङ्कन सम्झनु पर्छ।

(ड) "सम्बन्धित मन्त्रालय" भन्नाले गण्डकी प्रदेश सरकारको अधिकारक्षेत्रभित्र पर्ने विकास निर्माण सम्बन्धी कार्य वा आयोजनासँग सम्बन्धी प्रस्तावसँग सम्बन्धित मन्त्रालय सम्झनु पर्छ ।

(ढ) “संक्षिप्त वातावरणीय अध्ययन” भन्नाले कुनै प्रस्तावको कार्यान्वयन गर्दा त्यसबाट वातावरणमा पर्ने प्रतिकूल प्रभाव निराकरण वा न्यूनीकरण गर्नको लागि अवलम्बन गरिने उपायको सम्बन्धमा संक्षिप्त रुपमा गरिने अध्ययन सम्झनु पर्छ।

(ण) “स्थानीय तह” भन्नाले गाउँपालिका वा नगरपालिका सम्झनु पर्छ।

३. **<u>वातावरणीय अध्ययन प्रतिवेदनः</u>** प्रस्तावकले वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृतिको लागि देहायको निकाय समक्ष पेश गर्नु पर्नेछ ।

(क) प्रदेश सरकारको अधिकारक्षेत्रभित्र पर्ने विषयसँग सम्बन्धित विकास निर्माण सम्बन्धी कार्य वा आयोजना सम्बन्धी प्रस्तावको हकमा संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन वा प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन भए सम्बन्धित मन्त्रालय समक्ष र वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन भए मन्त्रालय समक्ष,

(ख) प्रदेशभित्रका स्थानीय तहको अधिकारक्षेत्र भित्र पर्ने विषयसँग सम्बन्धित विकास निर्माण सम्बन्धी कार्य वा आयोजना सम्बन्धी प्रस्तावको हकमा वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन भए मन्त्रालय समक्ष ।

४. **<u>प्रदेश वातावरण संरक्षण कोषको स्थापना र सञ्चालनः</u>** (१) वातावरणको संरक्षण, प्रदूषणको रोकथाम तथा नियन्त्रण, जलवायु परिवर्तन व्यवस्थापन, राष्ट्रिय सम्पदाको संरक्षणका लागि प्रदेश वातावरण संरक्षण कोष नामको एउटा कोष रहनेछ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहायका रकमहरु रहनेछन:-

(क) नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहबाट प्राप्त रकम,

(ख) स्वदेशी व्यक्ति वा संघ संस्थाबाट प्राप्त रकम,

(ग) विदेशी सरकार वा अन्तराष्ट्रिय सङ्घ संस्थाबाट प्राप्त रकम।

(३) उपदफा (२) को खण्ड (ग) बमोजिमको रकम प्राप्त गर्नुअघि नेपाल सरकारको स्वीकृति लिनु पर्नेछ।

(४) कोषको लेखापरीक्षण महालेखा परीक्षकबाट हुनेछ।

(५) कोषको सञ्चालन तोकिए बमोजिम हुनेछ।

**५. <u>परिषद्</u>:** (१) वातावरण संरक्षण तथा जलवायु परिवर्तन सम्बन्धी कार्यलाई प्रदेश स्तरमा प्रभावकारी रुपमा सञ्चालन गर्न देहाय बमोजिमको एक प्रदेश वातावरण संरक्षण तथा जलवायु परिवर्तन व्यवस्थापन परिषद् रहनेछ।

(क) मुख्यमन्त्री - अध्यक्ष

(ख) वातावरण सम्बन्धी विषय हेर्ने मन्त्री - सदस्य

(ग) नीति तथा योजना आयोगको वातावरण हेर्ने सदस्य - सदस्य

(घ) स्थानीय तहका प्रमुख वा उपप्रमुख वा अध्यक्ष वा उपाध्यक्षमध्येबाट मन्त्रालयले तोकेको कम्तीमा एकजना महिला सहित तीनजना - सदस्य

(ङ) वातावरण तथा जलवायुको क्षेत्रमा विज्ञता हासिल गरेका व्यक्तिहरुमध्ये कम्तीमा एकजना महिला सहित मन्त्रालयले तोकेको दुईजना - सदस्य

(च) सचिव, वातावरण सम्बन्धी विषय हेर्ने मन्त्रालय - सदस्य- सचिव

(२) उपदफा (१) को खण्ड (घ) र (ङ) बमोजिमका सदस्यको पदावधि तीन वर्षको हुनेछ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि उपदफा (२) को खण्ड (घ) र (ङ) बमोजिमका सदस्यले पदीय जिम्मेवारी पूरा नगरेमा अध्यक्षले निजलाई जुनसुकै बखत सदस्यको पदबाट हटाउन सक्नेछ।

तर त्यसरी पदबाट हटाउनु अघि निजलाई सफाई पेश गर्ने मनासिब मौका दिनु पर्नेछ।

६. **परिषद्को बैठकः** (१) परिषद्को बैठक वर्षमा कम्तीमा एकपटक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

(२) परिषद्को सदस्य-सचिवले अध्यक्षसँग परामर्श गरी परिषद्को बैठक बस्ने मिति, समय र स्थान, बैठकमा छलफल हुने विषयसूची सहितको सूचना बैठक बस्ने समयभन्दा कम्तीमा अठ्चालीस घण्टा अगाडि सबै सदस्यले प्राप्त गर्ने गरी पठाउनु पर्नेछ।

तर तत्काल परिषद्को बैठक बोलाउन आवश्यक भएमा परिषद्को अध्यक्षले चौबिस घण्टा अगाडि परिषद्को बैठक बोलाउन सक्नेछ र यसरी बैठक बोलाइएकोमा परिषद्को सदस्य-सचिवले सोको सूचना यथाशीघ्र सबै सदस्यले प्राप्त गर्ने गरी पठाउनु पर्नेछ।

(३) कुल सदस्य सङ्ख्याको बहुमत सदस्य उपस्थित भएमा परिषद्को बैठकको लागि गणपूरक सङ्ख्या पुगेको मानिनेछ।

(४) परिषद्को बैठकको अध्यक्षता परिषद्को अध्यक्षले गर्नेछ।

(५) परिषद्को निर्णय बहुमतद्वारा हुनेछ र मत बराबर भएमा अध्यक्षले निर्णायक मत दिनेछ।

(६) परिषद्को बैठकमा आवश्यकता अनुसार कुनै पदाधिकारी, सम्बन्धित निकाय वा संघ संस्थाका प्रतिनिधि वा वातावरण विज्ञलाई आमन्त्रण गर्न सकिनेछ।

(७) परिषद्को निर्णय परिषद्को सदस्य-सचिवले प्रमाणित गर्नेछ।

(८) परिषद्को बैठक सम्बन्धी अन्य कार्यविधि परिषद् आफैंले निर्धारण गरे बमोजिम हुनेछ।

७. **परिषद्को काम, कर्तव्य र अधिकारः** परिषद्को काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) प्रदेशका दीर्घकालीन नीति, योजना तथा कार्यक्रममा वातावरण तथा जलवायु परिवर्तन सम्बन्धी विषयलाई एकीकृत रुपमा समावेश गर्दै लैजान प्रदेश सरकारका मन्त्रालय तथा अन्य निकायलाई आवश्यकता अनुसार निर्देशन दिने,

(ख) वातावरण संरक्षण तथा जलवायु परिवर्तन सम्बन्धी कार्यमा स्थानीय तहलाई आवश्यक नीतिगत मार्गदर्शन गर्ने,

(ग) वातावरण संरक्षण तथा जलवायु परिवर्तन सम्बन्धी आर्थिक स्रोतको व्यवस्थापन गर्ने र सोको लागि सहजीकरण गर्ने,

(घ) प्राकृतिक, सांस्कृतिक र भौतिक संशाधन एवं सम्पदाको उपयोग, व्यवस्थापन, विकास तथा संरक्षणको लागि मन्त्रालयलाई मार्गदर्शन गर्ने,

(ङ) वातावरण संरक्षण तथा जलवायु परिवर्तन सम्बन्धी कार्यको मूल्याङ्कन गर्ने।

(च) वातावरण संरक्षण तथा जलवायु परिवर्तन व्यवस्थापन राष्ट्रिय परिषद्सँग समन्वय गर्ने ।

८. **अधिकार प्रत्यायोजनः** मन्त्रालयले यस ऐन बमोजिम आफूलाई प्राप्त अधिकारमध्ये आवश्यकता अनुसार केही अधिकार निर्देशनालय, वातावरण निरीक्षक वा कुनै अधिकृत कर्मचारी वा कुनै निकायलाई प्रत्यायोजन गर्न सक्नेछ।

९. **प्रचलित कानून बमोजिम हुनेः** वातावरण संरक्षण सम्बन्धी अन्य विषय प्रचलित कानून बमोजिम हुनेछ।

१०. **नियम बनाउने अधिकारः** यस ऐन कार्यान्वयन गर्न प्रदेश सरकारले आवश्यक नियमहरु बनाउन सक्नेछ।

प्रमाणीकरण मितिः २०७७/०३/०१

**आज्ञाले,**
**किरणराज शर्मा**
**प्रदेश सरकारको सचिव**

## प्रदेश सरकार

# आन्तरिक मामिला तथा कानून मन्त्रालय

नेपालको संविधान बमोजिम प्रदेश सभाले बनाएको देहाय बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

संवत् २०७७ सालको ऐन नं. ३

**गण्डकी प्रदेश विज्ञान तथा प्रविधि प्रतिष्ठानको स्थापना र सञ्चालन गर्न बनेको ऐन**

**प्रस्तावना:** विज्ञान तथा प्रविधिको क्षेत्रमा अनुसन्धनात्मक क्रियाकलाप प्रवर्द्धन गर्नका लागि उपयुक्त वातावरण सिर्जना गरी वैज्ञानिक तथा प्राविधिकहरुको सीप र ज्ञानको अभिबृद्धि तथा उच्चतम उपयोग गर्दै प्रदेशको विकास गर्न सक्षम, सबल र नेत्तृत्वदायी संस्थाको स्थापना र सञ्चालन गर्न वाञ्छनीय भएकाले,

गण्डकी प्रदेश सभाले यो ऐन बनाएको छ ।

## परिच्छेद – १

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ:** (१) यस ऐनको नाम "गण्डकी प्रदेश विज्ञान तथा प्रविधि प्रतिष्ठान ऐन, २०७६" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,–

(क) "अनुसन्धान एकाई" भन्नाले दफा ११ बमोजिमको विषयगत अनुसन्धान एकाई सम्झनु पर्छ ।

(ख) "कर्मचारी" भन्नाले प्रतिष्ठानका कर्मचारी सम्झनु पर्छ ।

(ग) "कार्यकारी निर्देशक" भन्नाले दफा १२ बमोजिम नियुक्त भएको कार्यकारी निर्देशक सम्झनु पर्छ।

(घ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

(ङ) “कार्यकारी परिषद्” भन्नाले दफा ७ बमोजिम गठन भएको प्रतिष्ठानको कार्यकारी परिषद् सम्झनु पर्छ ।

(च) “प्रतिष्ठान” भन्नाले दफा ३ बमोजिम स्थापना भएको गण्डकी प्रदेश विज्ञान तथा प्रविधि प्रतिष्ठान सम्झनु पर्छ ।

(छ) “मन्त्रालय” भन्नाले प्रदेश सरकारको विज्ञान तथा प्रविधि क्षेत्र हेर्ने मन्त्रालय सम्झनु पर्छ ।

## परिच्छेद – २

## प्रतिष्ठानको स्थापना, काम, कर्तव्य र अधिकार

**३. प्रतिष्ठानको स्थापनाः** (१) विज्ञान तथा प्रविधिको क्षेत्रमा अध्ययन तथा अनुसन्धान गर्न गण्डकी प्रदेश विज्ञान तथा प्रविधि प्रतिष्ठानको स्थापना गरिएको छ ।

(२) प्रतिष्ठानलाई अङ्ग्रेजीमा "गण्डकी प्रोभिन्स एकेडेमी अफ साइन्स एन्ड टेक्नोलोजी" भनिनेछ ।

(३) प्रतिष्ठानको मुख्य कार्यालय पोखरामा रहनेछ ।

**४. प्रतिष्ठान सङ्गठित संस्था हुनेः** (१) प्रतिष्ठान अविच्छिन्न उत्तराधिकारवाला एक स्वशासित सङ्गठित संस्था हुनेछ ।

(२) प्रतिष्ठानको काम कारवाहीको लागि आफ्नो एउटा छुट्टै छाप हुनेछ।

(३) प्रतिष्ठानले व्यक्ति सरह चल अचल सम्पति प्राप्त गर्न, उपभोग गर्न, बेचबिखन गर्न वा अन्य कुनै किसिमले व्यवस्था गर्न सक्नेछ ।

(४) प्रतिष्ठानले व्यक्ति सरह आफ्नो नामबाट नालिस उजूर गर्न र प्रतिष्ठान उपर पनि सोही नामबाट नालिस उजूर लाग्न सक्नेछ ।

(५) प्रतिष्ठानले व्यक्ति सरह करार गर्न, करार बमोजिमको अधिकार प्रयोग गर्न तथा दायित्व निर्वाह गर्न सक्नेछ ।

**५. प्रतिष्ठानको उद्देश्यः** प्रतिष्ठानको उद्देश्य देहाय बमोजिम हुनेछः-

(क) विज्ञान तथा प्रविधिको क्षेत्रमा ज्ञान, सीप र दक्षताको समुचित विकास गर्ने,

(ख) प्राकृतिक स्रोत र साधनहरुको दिगो रुपमा उपयोग गरी जनताको आर्थिक स्तर वृद्धिमा सहयोग गर्ने,

(ग) वैज्ञानिक संस्कार र अनुसन्धानमुखी शिक्षा प्रदान गर्न सहयोग गर्ने,

(घ) विकास र सेवा प्रवाहसँग सम्वन्धित कार्यहरु विज्ञान तथा प्रविधिसँग आबद्ध गर्न सहयोग गर्ने ।

६. **<u>प्रतिष्ठानको काम, कर्तव्य र अधिकारः</u>** (१) प्रतिष्ठानको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) प्रदेशका प्राथमिकताका क्षेत्रमा अध्ययन तथा अनुसन्धान गरी दिगो विकास लक्ष्यसँग आबद्ध गर्ने ।

(ख) दैनिक उपभोग्य र निकासी योग्य वस्तुको उत्पादकत्व वृद्धि गर्न प्रविधिको विकास र हस्तान्तरण गर्ने ।

(ग) दैनिक उपभोग्य र निकासी योग्य वस्तुको गुणस्तर मापनको विधि विकास गरी प्रदेश सरकारलाई सहयोग गर्ने ।

(घ) गण्डकी प्रदेशका रैथाने प्रविधि तथा परम्परागत ज्ञान, सीप, प्राकृतिक स्रोत र साधनको पहिचान गरी विकास, विस्तार, परिचालन र उपयोग गर्ने कार्यलाई प्राथमिकता दिने ।

(ङ) जडीबुटीजन्य उत्पादनको सदुपयोग गर्न प्रविधि विकास गर्ने ।

(च) विज्ञान तथा प्रविधिका क्षेत्रमा भएका नवीनतम उपलब्धिहरु उपयोग गर्न प्रदेश सरकारलाई योजनाबद्ध सुझाव दिने ।

(छ) वैज्ञानिक तथा प्राविधिक जनशक्ति र वैज्ञानिक प्रतिभालाई स्वदेशमा नै कार्य गर्ने वातावरण सृजना गर्ने ।

(ज) विज्ञान तथा प्रविधिमा अध्ययन तथा अनुसन्धान गर्नको लागि स्वदेशी तथा विदेशी विश्वविद्यालय, अनुसन्धान केन्द्र तथा संघसंस्थासँग सम्पर्क विस्तार गरी समन्वय र सहकार्य गर्ने ।

(झ) विज्ञान तथा प्रविधिको विकास र वैज्ञानिक अनुसन्धानमा निजी क्षेत्रलाई प्रोत्साहित गर्दै निजी क्षेत्रको सहभागिता बढाउने ।

(ञ) विद्यालय र विश्वविद्यालयका शिक्षक, विद्यार्थी, स्वदेशी तथा विदेशी अनुसन्धानकर्तालाई अनुसन्धानवृत्ति प्रदान गर्ने ।

(ट) विज्ञान तथा प्रविधि सम्बन्धी कार्यका लागि स्वदेशी तथा विदेशी व्यक्ति वा संघ संस्थाबाट वित्तीय, प्राविधिक तथा अन्य सहयोग प्राप्त गर्ने र परिचालन गर्ने ।

(ठ) विज्ञान तथा प्रविधिको विकास, प्रवर्द्धन वा प्रयोगमा उत्कृष्ट योगदान पु¥याउने व्यक्ति वा संस्थालाई कदर र प्रोत्साहन गर्ने ।

(ड) विज्ञान तथा प्रविधि सम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गोष्ठी, सभा, सम्मेलन आयोजना गर्ने, गराउने ।

(ण) जर्नल, पुस्तक, बुलेटिन तथा सचेतनात्मक सामग्री प्रकाशन गर्ने, गराउने।

(त) वैज्ञानिक तथा प्राविधिक जनशक्ति पहिचान तथा अभिलेखीकरण गर्ने ।

(थ) विज्ञान तथा प्रविधिको अनुसन्धान तथा विकासको लागि नयाँ निकाय वा प्रयोगशाला स्थापना गर्ने सम्बन्धमा प्रदेश सरकारलाई राय दिने।

(द) प्रतिष्ठानको उद्देश्य हासिल गर्न अन्य आवश्यक कार्य गर्ने, गराउने ।

(२) उपदफा (१) को खण्ड (ट) बमोजिम विदेशी व्यक्ति वा संघ संस्थाबाट वित्तीय सहयोग प्राप्त गर्दा प्रदेश सरकार मार्फत नेपाल सरकारको स्वीकृति लिनु पर्नेछ ।

## परिच्छेद – ३

## कार्यकारी परिषद्

७. **कार्यकारी परिषद्को गठनः** (१) प्रतिष्ठानको सर्वोच्च निकायको रुपमा एक कार्यकारी परिषद् रहनेछ ।

(२) कार्यकारी परिषद्को गठन देहाय बमोजिम हुनेछः

(क) विज्ञान तथा प्रविधि क्षेत्र हेर्ने प्रदेश सरकारको मन्त्री - अध्यक्ष

(ख) प्रतिनिधि, प्रदेश नीति तथा योजना आयोग (विज्ञान तथा प्रविधि क्षेत्र हेर्ने) -सदस्य

(ग) सचिव, मन्त्रालय -सदस्य

(घ) प्रतिनिधि, गण्डकी विश्वविद्यालय (विज्ञान तथा प्रविधि क्षेत्रबाट) -सदस्य

(ङ) प्रतिनिधि, विज्ञान तथा प्रविधि क्षेत्रका विज्ञहरुमध्येबाट कम्तीमा १ जना महिला समेत ३ जना -सदस्य

(च) विज्ञान प्रविधि क्षेत्रसँग सम्बन्धित उद्योग व्यवसायीहरुमध्येबाट एक जना -सदस्य

(छ) कार्यकारी निर्देशक -सदस्य–सचिव

(३) उपदफा (२) को खण्ड (ङ) र (च) बमोजिमका सदस्यहरुको मनोनयन मन्त्रालयले गर्नेछ र त्यसरी मनोनित सदस्यहरूको पदावधि दुई वर्षको हुनेछ । निजहरू अर्को एक अवधिका लागि पुनः मनोनित हुन सक्नेछन् ।

(४) उपदफा (२) को खण्ड (ङ) र (च) बमोजिमका सदस्यहरुले प्रदेश सरकारले तोके बमोजिम बैठक भत्ता तथा अन्य सुविधा पाउनेछन् ।

८. **कार्यकारी परिषद्को बैठकः** (१) परिषद्को बैठक सामान्यतया वर्षमा चारपटक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(२) सदस्य–सचिवले अध्यक्षसँग परामर्श गरी परिषद्को बैठक बस्ने मिति, समय र स्थान, बैठकमा छलफल हुने विषयसूची सहितको सूचना कम्तीमा तीन दिन अगाडि पठाउनु पर्नेछ ।

तर तत्काल बैठक बोलाउन आवश्यक भएमा अध्यक्षले एक दिनको समय दिई परिषद्को बैठक बोलाउन सक्नेछ ।

(३) तत्काल कायम रहेका सदस्य सङ्ख्याको बहुमत सदस्य उपस्थित भएमा परिषद्को बैठकको लागि गणपूरक सङ्ख्या पुगेको मानिनेछ ।

(४) बैठकको अध्यक्षता परिषद्को अध्यक्षले गर्नेछ ।

(५) परिषद्को निर्णय बहुमतबाट हुनेछ र मत बराबर भएमा अध्यक्षले निर्णायक मत दिनेछ।

(६) बैठकमा आवश्यकता अनुसार कुनै पदाधिकारी, सम्बन्धित निकाय वा संघ संस्थाका प्रतिनिधि वा विज्ञलाई आमन्त्रण गर्न सकिनेछ ।

(७) परिषद्को निर्णय सदस्य–सचिवले प्रमाणित गर्नेछ।

(८) बैठक सम्बन्धी अन्य कार्यविधि परिषद् आफैंले निर्धारण गरे बमोजिम हुनेछ।

९. **कार्यकारी परिषद्को काम, कर्तव्य र अधिकारः** (१) कार्यकारी परिषद्को काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) प्रतिष्ठानको अनुसन्धानात्मक कार्यलाई व्यवस्थित तथा नियमित गर्न आवश्यक नीति, रणनीति तथा योजना स्वीकृत गर्ने ।

(ख) प्रतिष्ठानको वार्षिक बजेट र कार्यक्रम स्वीकृत गर्ने ।

(ग) विज्ञान तथा प्रविधि सम्बन्धी अध्ययन तथा अनुसन्धान कार्यक्रम सञ्चालन गर्ने।

(घ) प्रतिष्ठानको लागि आवश्यक पर्ने वैज्ञानिक तथा प्राविधिकको योग्यता निर्धारण गर्ने ।

(ङ) प्रतिष्ठानलाई प्राप्त सहयोग ग्रहण गर्ने ।

(२) कार्यकारी परिषद्को अन्य काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद – ४

## कर्मचारी सम्बन्धी व्यवस्था

१०. **कर्मचारी सम्बन्धी व्यवस्थाः** (१) प्रतिष्ठानको संगठन र व्यवस्थापन सर्वेक्षण परिषद्सँगको परामर्शमा प्रदेश सरकारले स्वीकृत गर्नेछ ।

(२) स्वीकृत दरवन्दी बमोजिम प्रदेश लोकसेवा आयोगको सिफारिसमा कर्मचारीको पदपूर्ति गरिनेछ।

(३) उपदफा (१) र (२) बमोजिम पदपूर्ति नभएसम्मका लागि प्रतिष्ठानका लागि आवश्यक कर्मचारी प्रदेश सरकारले खटाउनेछ ।

## परिच्छेद – ५

## अनुसन्धान एकाई

**११. अनुसन्धान एकाईः** (१) प्रतिष्ठानमा विज्ञान तथा प्रविधि विषयमा अनुसन्धान गर्नको लागि आवश्यकता अनुसार अनुसन्धान एकाईहरूको स्थापना गर्न सकिनेछ ।

(२) अनुसन्धान एकाईहरुको स्थापना, काम, कर्तव्य र अधिकार तथा सञ्चालन सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद – ६

## कार्यकारी निर्देशक

**१२. कार्यकारी निर्देशकः** (१) प्रतिष्ठानको दैनिक प्रशासन सञ्चालन गर्न एक कार्यकारी निर्देशक रहनेछ।

(२) कार्यकारी निर्देशक प्रतिष्ठानको प्रमुख प्रशासकीय पदाधिकारी हुनेछ ।

(३) कार्यकारी निर्देशकको पारिश्रमिक तथा अन्य सुविधा सम्बन्धी व्यवस्था प्रदेश सरकारले तोके बमोजिम हुनेछ ।

(४) कार्यकारी निर्देशक पदमा नियुक्ति हुन देहायको योग्यता पुगेको नेपाली नागरिक हुनु पर्नेछः

(क) मान्यता प्राप्त विश्वविद्यालयबाट विज्ञान वा प्रविधि विषयमा विद्यावारिधि गरेको र सो सम्बन्धी विषयमा अध्ययन तथा अनुसन्धान कार्यमा कम्तीमा पाँच वर्ष अनुभव भएको, र

(ख) अनुसन्धान सम्बन्धी विषयमा अन्तर्राष्ट्रिय जर्नलमा तीनवटा कृतिमा पहिलो लेखक (लिड अथर) वा पत्राचार गर्ने लेखक (करेस्पन्डिंग अथर) भई प्रकाशन गरेको ।

(५) कार्यकारी निर्देशकको नियुक्तिका लागि प्रदेश सरकारले प्रदेश नीति तथा योजना आयोगको उपाध्यक्षको संयोजकत्वमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको सचिव र मन्त्रालयको सचिव सम्मिलित तीन सदस्यीय एक छनौट समितिको गठन गर्नेछ ।

(६) उपदफा (५) बमोजिमको समितिले कार्यविधि बनाई प्रतिस्पर्धाको आधारमा कार्यकारी निर्देशकको नियुक्तिका लागि नामको वर्णानुक्रमका आधारमा तीनजनाको नाम प्रदेश सरकार समक्ष पेश गर्नेछ ।

(७) उपदफा (६) बमोजिम सिफारिस भएका व्यक्तिमध्ये एकजनालाई प्रदेश सरकारले कार्यकारी निर्देशकको पदमा नियुक्त गर्नेछ ।

(८) कार्यकारी निर्देशकको पदावधि चार वर्षको हुनेछ र निजको कार्य सम्पादन सन्तोषजनक भएमा प्रदेश सरकारले निजलाई अर्को एक कार्यकालका लागि पुनः नियुक्त गर्न सक्नेछ ।

(९) यस दफा बमोजिम कार्यकारी निर्देशक नियुक्त नभएसम्मका लागि प्रदेश सरकारले तोकेको कर्मचारीले कार्यकारी निर्देशकको रुपमा काम गर्नेछ ।

**१३. कार्य सम्पादन सम्झौताः** (१) कार्यकारी निर्देशकले छनौट गर्दाका बखत पेश गरेको सूचक सहितको व्यावसायिक कार्य योजना बमोजिमको वार्षिक कार्य सम्पादन सम्झौता मन्त्रालयको सचिवसँग गर्नु पर्नेछ ।

(२) मन्त्रालयले उपदफा (१) मा उल्लिखित सम्झौता अन्तर्गत कार्यकारी निर्देशकको कार्य सम्पादनको अर्ध वार्षिक र वार्षिक मूल्याङ्कन गर्नु पर्नेछ ।

(३) विशेष परिस्थितिमा बाहेक उपदफा (१) मा उल्लिखित कार्य सम्पादन सम्झौता बमोजिम कार्यकारी निर्देशकको कार्य प्रगति ७० प्रतिशत भन्दा कम भएमा निजको कार्य सम्पादनस्तर सन्तोषजनक नभएको मानिनेछ।

**१४. पद रिक्त हुने अवस्थाः** (१) देहायको अवस्थामा कार्यकारी निर्देशकको पद रिक्त हुनेछः

(क) निजले आफ्नो पदबाट अध्यक्ष समक्ष राजीनामा दिएमा,

(ख) निजको मृत्यु भएमा,

(ग) निजको पदावधि पूरा भएमा,

(घ) निज शारीरिक वा मानसिक रुपमा अशक्त भई कार्यसम्पादन गर्न असमर्थ रहेको भनी विज्ञ सम्मिलित तोकिए बमोजिमको समितिको सिफारिसमा प्रदेश सरकारले पदमुक्त गरेमा,

(ङ) निजको कार्यसम्पादन स्तर सन्तोषजनक नभई प्रदेश सरकारले हटाएमा,

(च) नैतिक पतन देखिने फौजदारी अभियोगबाट कसुरदार ठहरेमा,

(छ) विदेशको स्थायी आवासीय अनुमतिपत्र लिएमा वा लिन आवेदन दिएमा

(२) उपदफा (१) को खण्ड (ङ) बमोजिम प्रदेश सरकारले कार्यकारी निर्देशकलाई पदबाट हटाउनु अघि तोकिए बमोजिम सफाईको मनासिव मौका दिनुपर्नेछ ।

**१५. <u>कार्यकारी निर्देशकको काम, कर्तव्य र अधिकारः</u>** (१) कार्यकारी निर्देशकको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) परिषद्को बैठकमा पेश गरिने प्रस्ताव तयार गर्ने ।

(ख) परिषद्बाट भएका निर्णय तथा निर्देशन कार्यान्वयन गर्ने ।

(ग) प्रतिष्ठानको नीति, रणनीति, योजना, वार्षिक बजेट र कार्यक्रम तर्जुमा गरी स्वीकृतिका लागि परिषद् समक्ष पेश गर्ने ।

(घ) परिषद्बाट स्वीकृत कार्यक्रम कार्यान्वयन, अनुगमन, समीक्षा, मूल्याङ्कन गर्ने वा गराउने।

(ङ) प्रतिष्ठानले वर्षभरी गरेका कार्यहरुको वार्षिक प्रतिवेदन तयार गरी परिषद् समक्ष पेश गर्ने ।

(च) विज्ञान तथा प्रविधिको क्षेत्रमा अध्ययन तथा अनुसन्धान गर्ने गराउने ।

(२) कार्यकारी प्रमुखको अन्य काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद – ७

## <u>प्रतिष्ठानको कोष, लेखा तथा लेखापरीक्षण</u>

**१६. <u>प्रतिष्ठानको कोषः</u>** (१) प्रतिष्ठानको आफ्नो एउटा छुट्टै कोष हुनेछ ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहायका रकम रहने छनः–

(क) नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहबाट प्राप्त रकम,

(ख) स्वदेशी वा विदेशी व्यक्ति, संघ, संस्था वा विदेशी सरकारबाट अनुदान वा ऋण स्वरुप प्राप्त रकम,

(ग) प्रतिष्ठानले गरेका अनुसन्धान र प्रविधिको नविन विकास (प्याटेन्ट राइट्स) लगायतबाट प्राप्त हुने रकम ।

(घ) अन्य स्रोतबाट प्राप्त रकम ।

(३) उपदफा (२) को खण्ड (ख) बमोजिम प्रतिष्ठानले विदेशी व्यक्ति, संघ, संस्था वा सरकारबाट कुनै रकम प्राप्त गर्नु अघि प्रदेश सरकार मार्फत नेपाल सरकारको पूर्व स्वीकृति लिनुपर्नेछ।

(४) प्रतिष्ठानको कोषको रकम कुनै "क" वर्गको बैङ्कमा खाता खोली जम्मा गरिनेछ ।

(५) प्रतिष्ठानको सबै खर्चहरू उपदफा (१) बमोजिमको कोषबाट व्यहोरिनेछ ।

(६) प्रतिष्ठानको कोष र खाताको सञ्चालन तोकिए बमोजिम हुनेछ ।

१७. **लेखा र लेखापरीक्षणः** (१) प्रतिष्ठानको आय–व्ययको लेखा प्रचलित कानून बमोजिम राखिनेछ ।

(२) प्रतिष्ठानको अन्तिम लेखापरीक्षण महालेखा परीक्षकबाट हुनेछ ।

## परिच्छेद – ८

## विविध

१८. **अन्य संस्थालाई गाभ्न सक्नेः** (१) प्रचलित कानून बमोजिम स्थापना भई सञ्चालन भएका विज्ञान तथा प्रविधि सम्बन्धी कुनै संस्था प्रतिष्ठानसँग गाभिन चाहेमा प्रतिष्ठानले प्रदेश सरकारको पूर्व स्वीकृति लिई त्यस्तो संस्थालाई प्रतिष्ठानमा गाभ्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम संस्था गाभ्ने सम्बन्धी आधार तथा कार्यविधि तोकिए बमोजिम हुनेछ ।

१९. **वार्षिक प्रतिवेदनः** (१) प्रतिष्ठानले प्रत्येक आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र आफूले वर्षभरी गरेको काम कारवाहीको वार्षिक प्रतिवेदन प्रदेश सरकार समक्ष पेश गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको प्रतिवेदनमा विज्ञान र प्रविधिको क्षेत्रमा प्रतिष्ठानले गरेका मुख्य–मुख्य काम, विज्ञान र प्रविधिको क्षेत्रमा भएका उपलब्धि तथा त्यसको औद्योगिक वा व्यवहारिक प्रयोग, आम्दानी र खर्चको विवरण, अध्ययन, अनुसन्धान र प्रशासनिक क्षेत्रमा भएको खर्चको विवरण लगायतका विषय समेट्नु पर्नेछ ।

२०. **अधिकार प्रत्यायोजनः** (१) कार्यकारी परिषद्ले यस ऐन बमोजिम आफूलाई प्राप्त अधिकारमध्ये आवश्यकता अनुसार केही अधिकार कार्यकारी निर्देशकलाई प्रत्यायोजन गर्न सक्नेछ ।

(२) कार्यकारी निर्देशकले यस ऐन बमोजिम आफूलाई प्राप्त अधिकारमध्ये आवश्यकता अनुसार केही अधिकार मातहतका अधिकृत कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

२१. **सम्पर्क मन्त्रालयः** प्रतिष्ठानले प्रदेश सरकारसँग सम्पर्क राख्दा मन्त्रालय मार्फत राख्नु पर्नेछ ।

२२. **अनुगमन तथा निर्देशन सम्बन्धी व्यवस्थाः** (१) प्रतिष्ठानले सञ्चालन गर्ने क्रियाकलापको नियमित अनुगमन, निरीक्षण र नियमन कार्यकारी परिषद्बाट हुनेछ ।

(२) प्रदेश सरकारले प्रतिष्ठानको काम कारवाहीको अनुगमन गरी आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु प्रतिष्ठानको कर्तव्य हुनेछ ।

२३. **नियम बनाउने अधिकारः** यस ऐनको कार्यान्वयनको लागि प्रदेश सरकारले आवश्यक नियम बनाउन सक्नेछ ।

२४. **मापदण्ड र निर्देशिका बनाउन सक्नेः** प्रतिष्ठानको काम कारवाहीलाई प्रभावकारी तथा गुणस्तरीय बनाउनको लागि यो ऐन तथा यस ऐन अन्तर्गत बनेको नियमको अधीनमा रही कार्यकारी परिषद्ले विज्ञान तथा प्रविधि सम्बन्धी आवश्यक मापदण्ड र निर्देशिका बनाउन सक्नेछ ।

**आज्ञाले,**

प्रमाणीकरण मितिः २०७७/०३/०१

**किरणराज शर्मा**

**प्रदेश सरकारको सचिव**

**मुद्रक :** आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश सरकार, गण्डकी प्रदेश । मूल्य रु ५०।-